# मुखियापट्टी मुसहरनियागाउँपालिकाको शिक्षा ऐन, २०८०

प्रत्येक नागरिकमा सदाचार, सहिष्णुता, नैतिकता र मानवीय मूल्यको प्रवर्द्धन गरी संघीय लोकतन्त्रको संस्थागत विकास, सीपयुक्त, परिश्रमी, सिर्जनसिल र प्रतिस्पर्धि क्षमता भएका योग्य नागरिक तयार गर्नको लागि यस मुखियापट्टी मुसहरनियागाउँपालिकामा स्थापना हुने र यो ऐन प्रारम्भ हुनुभन्दा अघि स्थापना भई संचालन भइरहेका विद्यालयहरुलाई व्यवस्थित गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाका रुपमा विकसित गर्नु बान्छनीय भएकोले नेपालको संविधान २०७२ को धारा ५७, अनुसूची ८ को सूची नं. ८" तथा "स्थानीय तह सञ्चालन ऐन, २०७४, परिच्छेद ३, को दफा, १०२ बमोजिम मधेश प्रदेश अन्तरगतको यस मुखियापट्टी मुसहरनिया गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद–१

### प्रारम्भिक

**१.संक्षिप्त नामर प्रारम्भः**

१) यस ऐनको नाम "मुखियापट्टी मुसहरनिया गाउँपालिकाको शिक्षा ऐन २०८० " रहेको छ ।

२) यो ऐन धनुषा जिल्ला मुखियापट्टी मुसहरनियागाउँपालिकामा लागू हुनेछ ।

३) यो ऐन मुखियापट्टी मुसहरनिया गाउँपालिकाको गाउँसभावाट स्वीकृ मिति देखि लागु हुनेछ ।

**२. परिभाषाःविषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा–**

क) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठ सम्म दिइने शिक्षा सम्झनु पर्छ ।

ख) "प्राथमिक शिक्षा" भन्नाले कक्षा एक देखि कक्षा पाँचसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

ग ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाहसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

ङ) "विद्यालय शिक्षा" भन्नाले शिशु कक्षा देखि कक्षा बाहसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

च) "गाउँपालीका" भन्नाले धनुषा जिल्लाको मुखियापट्टी मुसहरनिया गाउँ कार्यपालिका सम्झनु पर्छ

छ)"गाउँ सभा" भन्नाले धनुषा जिल्लाको मुखियापट्टी मुसहरनिया गाउँपालिकाको गाउँसभालाई सम्झनुपर्छ ।

ज) "विशेष शिक्षा" भन्नाले दृष्टिविहिन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अति अशक्त शारीरिकअपाङ्गता भएका बालबालिकालाई दिइने विशेष व्यवस्थापन सहितको शिक्षा सम्झनु पर्छ ।

झ) "प्राविधिक तथा व्यावसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान सीप तथा विषयवस्तुको सिकाई गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्र सम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ ।

ञ) "सामुदायिक विद्यालय" भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा नकमाउने प्रकृतिको नेपाल सरकारबाट नियमित रूपमा अनुदानपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालयसम्झनुपर्छ ।

ट) "संस्थागत विद्यालय" भन्नाले निजी पहलमा स्थापना गरिएका नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

ठ) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनीअभिलेखमा जनिएको व्यक्ति सम्झनु पर्दछ। सो शब्दले विद्यार्थीका बुवा, आमा, बाजे, बज्यै तथा अभिभावक नभएका विद्यार्थीको हकमा संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाउँछ ।

ड) "शिक्षक" भन्नाले विद्यालयमा शिक्षण सिकाइ गर्न नियुक्त अध्यापक सम्झनुपर्छ ।

ढ)" प्रधानाध्यापक" भन्नाले विद्यालयको शैक्षिक, प्रशासनिक, आर्थिक र व्यवस्थापकीय जिम्मेवारी तोकिएको अध्यापक सम्झनुपर्दछ ।

ठ) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।

ड) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियमावलीमा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

ढ) "अनुमति" भन्नाले नेपाल सरकार वा गाउँपालिकाले स्थायी स्वीकृति प्रदान गरिनसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

ण) "स्वीकृति" भन्नाले तोकिएबमोजिमको शर्त पुरा गरेको विद्यालयलाई नेपाल सरकार र प्रदेश सरकार समेतको मापदण्डको आधारमा गाउँपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

त) "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार वा गाउँपालिकाबाट आवासीय विद्यालयको रूपमास्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।

थ) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

ध) "प्रारम्भिक बालशिक्षा" भन्नाले चार वर्ष माथि र पाँच वर्ष मुनिका बालबालिकालाई दिइने एक वर्षको प्रारम्भिक बाल शिक्षासम्झनु' पर्छ ।

परिच्छेद–२

शिक्षाको प्रकार, विद्यालयको वर्गीकरण, अनुमती, स्वीकृती, समायोजन तथा नियमन

३) माध्यमिक शिक्षाको प्रकारः

माध्यमिक शिक्षा देहायका बमोजिमको हुने छ ।

क) साधारण माध्यमिक शिक्षा .

ख) संस्कृत माध्यमिक शिक्षा .

ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा .

४) शिक्षाको माध्यमः

१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुबैभाषा हुनेछ ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ –

क) आधारभूत तहको शिक्षा मातृभाषामा दिन सकिनेछ ।

ख) गैर नेपाली नागरिकले मुखियापट्टी मुसहरनियागाउँपालिका अन्तरगतका विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ,

ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ ।

५)विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६) विद्यालयको अनुमति, स्विकृति, बर्गिकरण र समायोजन तोकिए बमोजिम हुनेछ ।

७) विद्यालय संचालन गर्न तोकिए बमोजिमको आधारमा अनुमति लिई सञ्चालन गर्नुपर्नेछ ।

१.कुनै समुदाय वा नेपाली नागरिकले शैक्षिक गुठी वा कम्पनी ऐन अर्न्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई वडा समितिको सिफरिस सहित गाउँपालिका प्रमुख समक्ष अनुमतिको लागी निवेदन दुनु पर्ने छ ।

२) उपदफा १ बमोजिम निवेदन परेमा सो निवेदन उपर शिक्षा शाखावाट आवश्यक जाँचवुझ गर्दा निर्धारित मापदण्ड पुरा भई विद्यालय खोल्न अनुमति दिन मनासिव देखिएमा शिक्षा समितिको सिफारिसमा गाउँपालिका अनुमति दिईने छ।

३. कुनै समुदायमा सामुदायिक विद्यालय संचालन गर्न आवश्यक छ भनि समुदायले वडा समितिमा निवेदन दिई वडा समितिले राय सहित सामुदायिक विद्यालय खोल्ने स्वीर्कतीका लागी गाउँ शिक्ष समिति समक्ष सिफारिस गरेमा गाउँ शिक्ष समितिको स्वीर्कतीमा गाउँपालिका प्रमुख/प्र.प्र.प्र./शिक्ष प्रमुखलृ स्वीर्कती दिन सक्ने छ।

४. प्राविधिक शिक्षा तथा व्यवसायिक तालमि परिष्दद्धारा तर्जमा गरिएको प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा(टि./एस.इ.इ.) संचालनका लागि कुनै सामुदायिक माध्यमिक विद्यालयको आवेदन परेमा गाउँ शिक्ष समितिको सिफारिसमा गाउँपालिका प्रमुख /प्रमुख प्रशासकीय अधिकृत/शिक्षा प्रमुखले अनुमति प्रदान गर्न सकिनेछ। तर अनुमति लिनु अधि परिष्द४रा तोकिएको मापदण्ड जाँचवुझ र एकीन गर्ने कार्य गाउँ शिक्षा समितिले गर्नुपर्ने छ।

५.यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठी अर्न्तगतका विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नु पर्नेछ।

क) शैक्षिक गुठी अञचालन गर्ने गुठी संचालक(ट्रष्टी संगठित संस्थाको रुपमा हुनु पर्नेछ।

ख) शैक्षिक गुठी संचालन गर्दा संचालकमा सार्वजनिक गुठी भए कम्तीमा ५ जना र निजी गुठी भए कम्तीममा ३ जना सदस्य हुनुपेर्ने छ ।

ग) शैक्षिक गुठीके अय व्ययके लेखा तेकिए बमेजिम खडा गरि मान्यता प्राप्त लेखा परिक्षकवाट लेखापरिक्षाण गराएके हुने पर्ने छ ।

घ) शैक्षिक गुठीको तत्काल कायम रहेको संचालकले आफ्नो जिवन कालमै वा शेष पछि गुठीयारको रुपमा काम गर्ने आफ्नो उतराधिकारी तोक्न सक्ने छ । तर सार्वजनिक शैक्षिक गुठीके हकमा यसतो उतराधिकारी तोक्दा गाउँपालिकाको स्वीकृती लिनुपर्ने छ ।

८) गाउँपालिकाले प्रारम्भिक बाल शिक्षाको सञ्चालन तथा व्यवस्थापनको लागि तोकिए बमोजिम थप व्यवस्था गर्न सक्नेछ ।

९) गाउँपालिकाले तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्ने छ ।

१०) गाउँपालिकाले तोकिए बमोजिमको आधारमा विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न वा कक्षा थप गर्न सक्ने छ ।

११) धरौटी राख्नु पर्नेः संस्थागत विद्यालय खोल्न अनुमति दिंदा विद्यालय संचालनको लागी सुरक्षण वापत तेकिए बमोजिमको रकम धरौटी राख्नु पर्ने छ ।

१२) धरौटी रकम जम्मा गरिनेः विद्यालयले दफा १२ बमोजिमको धरौटी वापतको रकम कार्य पालिकाको तोकिएको खातामा जम्मा गर्नु पर्ने छ ।

१३) वालगृहको संचालनः गाउँपालिका आफैले वा कुनै व्यक्ति वा कुनै संस्थाले वालगृह संचालन गर्न पाउने छ । वालगृह संचालनको लागी आवश्यक प्रकिया गाउँ शिक्षा समितिले तोके बमेजिम हुनेछ ।

१४) गाउँ शिक्षा समितिसम्बन्धी व्यवस्थाः

१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको गाउँ शिक्षा समिति रहनेछ –

क) गाउँपालिकाका अध्यक्ष -संयोजक

ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

ग) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत -सदस्य

घ) गाउँकार्यपालिकाले तोकेको शिक्षा हेर्ने विषयगत समितिको संयोजक - -सदस्य

घ) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट गाउँकार्यपालिकाले मनोनित गरेको एकजना- सदस्य

ङ) समाजसेवी, शिक्षा प्रेमी, वा चन्दादाताहरु मध्येबाट गाउँ कार्यपालिकाबाट मनोनित कम्तीमा एकजना महिला र दलित सहित दुई जना - सदस्य

च)आधारभूत, माध्यमिक तह समेटने गरी विद्यालयका शिक्षक तथा प्रधानाध्यापकहरु मध्येबाट गाउँकार्यपालिकाले मनोनित गरेको एकजना महिला सहित तीनजना - सदस्य

छ) गाउँपालिका क्षेत्रको नेपाल शिक्षक महासंघका अध्यक्ष/प्रतिनिधि १ जना -सदस्य

ज) गाउँपालिका भित्रका सेवा निवृत शिक्षक मध्येबाट गाउँपालिकाले मनोनित १ जना - सदस्य

झ)गाउँपालिकाको शिक्षा शाखा प्रमुख -सदस्य सचिव

२) समितिका मनोनित सदस्यको कार्यकाल ३ वर्षको हुनेछ ।

३) गाउँ शिक्षा समितिको बैठकमा प्रदेश सभा तथा संघीय संसदका सदस्यलाई पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सकिनेछ ।

४) गाउँ शिक्षा समितिको बैठकमा आवश्यकता अनुसार विषयविज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ ।र संचालन प्रक्रियाको लागी बैठक भता तथा सेवा सुविधा गाउँ कार्यपालिकावाट तोकिए बमोजिम हुनेछ !

५) उपदफा (१) अनुसार मनोनित सदस्यले र अन्य सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेमा गाउँ कार्यपालिकाले निजहरुलाई जुनसुकै समयमा पनि हटाउन सक्नेछ । तर त्यसरी हटाउन वा वर्खास्त गर्न' अघि मनासीब माफिकको स्पष्टिकरणको मौकावाट वञ्चित गरिने छैन ।

६) **गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः**

क) आफ्नो कार्य क्षेत्र भित्रको शैक्षिक योजना तयार गर्ने ।

ख) गाउँपालिका क्षेत्र भित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने, कक्षा थप्ने र घटाउने सम्बन्धमा गाउँपालिकालाई आवश्यक राय प्रदान गर्ने ।

ग) विद्यालयहरुलाई आर्थिक अनुदान सम्वन्धी आवश्यक स्रोतको खोजी गर्ने ,

घ) आपनो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने,

ङ) विद्यालयहरुको लेखा परीक्षकको नियुक्ति र पारीश्रमिक तोक्ने,

च) गाउँपालिका क्षेत्र भित्र स्थापना भएका आफ्नो स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरुको शिक्षक, कर्मचारीदरबन्दी, सेवा, सुविधा र शर्तहरु स्वीकृत गर्ने ,

छ) विद्यालय व्यवस्थापन समितिलाई आवश्क निर्देशन दिने, जागरुक र सजग वनाउने ,

ज) विद्यालयको लागि आवश्यक साधनस्रोत जुटाउने र परिचालन गर्ने गराउने ,

झ) अभिभावक,कर्मचारी र शिक्षक बीच विवाद भएमा त्यसको समाधान गर्ने,

ञ) शिक्षाको गुणस्तर कायम राख्ने, सूचक विकास गर्ने र प्रगति मूल्यांकन गर्ने; तदनुसार अपेक्षित गुणस्तर कायम भएका विद्यालयलाई पुरस्कृत गर्ने, नभएकालाई सघाउने तथा लगातार तीन वर्षसम्म राम्रो नतिजा नल्याउनेलाई नसियत दिने ,

ट) विद्यालयहरुलाई सामाजिक परीक्षण गर्न लगाउने

ठ) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने,

ड) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ,

ढ) शैक्षिक गुठीसँग गर्ने सम्झौताका शर्तहरु निर्धारण गर्ने ,

ण) शैक्षिक संस्था र शिक्षासंग आवद्ध शिक्षक कर्मचारीहरुलाई कामको आधारमा आवश्यक प्रोत्साहन, नसियत, दण्ड, कारवाही गर्ने गराउने,

त) विशेषज्ञहरुको छनौट गरी ठेगाना, फोन, इमेल भएको सम्पर्क सहितको सूची प्रकाशन गर्ने ,

थ) संस्थागत विद्यालय संचालनको मापदण्ड बनाउने, संचालनको स्वीकृती र अनुमतीको लागिगाउँपालिकालाई आवश्यक राय सुझाव प्रदान गर्ने ,

द) नक्सांकन, जोनिङ सहित विद्यालय गाभ्ने, सार्ने नाम परिवर्तन गर्ने, तह र कक्षा थप गर्ने.वा कक्षा घटाउने नीति तर्जुमा गरी गाउँपालिकामा पेस गर्ने ,

ध) विद्यालयमा विषयगत शिक्षक दरवन्दी मिलान गर्ने तथा शिक्षक कर्मचारीहरुको सरुवा व्यवस्थापन गर्ने ,

न) सामुदायिक सिकाई केन्द्र स्थापना र सञ्चालन सम्बन्धी नीति तर्जुमा गर्ने ;

प) आवश्यकता अनुसार दिवा खाजा व्यवस्थापन गर्ने ,

फ) विद्यालय बाहिर रहेका बालबालिका पहिचान गरी सबैका लागि शिक्षा सुनिश्चित हुने प्रवन्ध गर्ने ,

ब) विद्यालयमा पठनपाठनको अधिकतम प्रवन्ध हुने गरी शैक्षिक क्यालेण्डर बनाई लागु गर्ने, गराउने ,

भ) शिक्षक तालिम नीति तर्जुमा गरी लागु गर्ने ,

म) गाउँ कार्यपालिकालाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने ,

य) विद्यालयहरुलाई सक्षमतामा अधारित अनुदान दिने वा अनुदान दिन सम्बन्धित निकायमा सिफारिस गर्ने ,

र) विद्यालयका शिक्षक तथा कर्मचारीलाई आवश्यक परेमा प्रोत्साहनसहित स्वेच्छिक अवकासको प्रवन्ध गर्ने,

ल) गाउँपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयहरु बीच स्वस्थ प्रतिस्पर्धा गराई विद्यार्थीहरुको चौतर्फि बिकासकालागि अतिरिक्त कृयाकलाप सञ्चालन गर्ने ,

व) शैक्षिक सूचना प्रणाली स्थापना गरि सवै विद्यार्थी, शिक्षक र शिक्षासंग सम्बन्धीत तथ्याक्ङहरु राख्ने ।

श) शिक्षामा सवै वालवालिकाको पहुच, गुणस्तरमा सुधार र संरक्षणका पक्षहरुलाई सुनिश्चित गर्न आवश्यक नीति ,नियमतथा कार्यक्रमहरु संचालन गर्ने ।

ष) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ,

(७) शिक्षा शाखा प्रमुखको काम कर्तव्य र अधिकार

क) गाउँ स्तरीय शिक्षा योजना तर्जुमा गरी गाउँ कार्यपालिकामा पेश गर्ने ,गराउने ।

ख) गाउँपालिका तथा गाउँ शिक्षा समितिबाट शिक्षा तथा शैक्षिक विकासका लागि पारित नीति तथा कार्यक्रमको कार्यान्वयन गर्ने तथा प्राप्त निर्देशन पालना गर्ने ।

ग) विद्यालय तथा शैक्षिक निकायहरुको अनुगमन तथा सुरिवेक्षण गर्ने, गराउने ।

घ) गाउँकार्यपालिका, गाउँ शिक्षा समिति र प्रमुख प्रशासकीय अधिकृतलाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने,

ङ) शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन गर्ने र तदनुसार पुरस्कार तथा दण्डको लागि स्थानीय सरकारमा सिफरिस गर्ने,

ङ) आधारभूत तहका कक्षा ८ को अन्तिम तथा वाह्य परीक्षा संचालन गर्ने ।

च) सामुदायिक र संस्थागत विद्यालयमा कार्यरत शिक्षक कर्मचारीको अभिलेख राख्ने ।

छ) विद्यालयमा स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागु गरे नगरेको अनुगमन गर्ने ।

ज) विद्यालयबाट प्राप्त लेखापरिक्षकहरुको सूचि मध्ये एक जनालाई लेखापरिक्षकमा नियुक्ति गर्ने ।

झ) विद्यालयमा शिक्षक अभिभावक संघ गठन गर्ने गराउने ।

ञ) विद्यालयबाट प्राप्त प्रतिवेदन कार्यान्वियन गर्ने ।

ट) शिक्षकको तलबी प्रतिवेदन स्वीकृतका लागि सिफारिस गर्ने ।

ठ) विद्यालयको शैक्षिक कार्यक्रमको नियमित अनुगमन गर्ने गराउने ।

ड) गाउँ शिक्षा समितिको सदस्य सचिवको भूमिका निर्वाह गर्ने ,

ढ)गाउँशिक्षा शाखा प्रमुखको अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**८) वडा शिक्षा समितिको गठन, काम, कर्तब्य र अधिकार**

क) वडा स्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति गठन गर्न सकिने छ :

ख) सम्बन्धित वडाको वडाध्यक्ष — संयोजक

ग) वडा समितिका सदस्यहरु मध्ये वडा समितिले तोकेको एक जना — सदस्य

घ) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्ये वडा समितिले तोकेको एक जना — सदस्य

ङ.) माध्यमिक तह रआधारभूत तहका विद्यालयका प्रधानाध्यापक मध्येबाट गाउँ शिक्षा समितिले तोकेको उपलब्ध भए सम्म एकजना महिला पर्ने गरी दुई जना सदस्य

च) सम्वन्धित वडा भित्रका शिक्षाप्रेमीहरु मध्येबाट वडा समितिले तोकेको दलित,महिलार अपाङ्गता भएका व्यक्ति मध्येबाट तीन जना सदस्य

छ) वडा शिक्षक महासंघ अध्यक्ष सदस्य

ज) सम्बन्धित वडाका वडा सचिव सदस्य

झ) सम्बन्धित क्षेत्रको श्रोतब्यक्ति सदस्य सचिव

**९. वडा शिक्षा समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ**

क) आफ्नो वडाको शैक्षिक योजना तयार गर्ने,

ख) आपनो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भयरहित बनाउन सहयोग गर्ने,

ग) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग वनाउने,

घ) विद्यालयको लागि आवश्यक साधनस्रोत जुटाउने र परिचालन गर्ने गराउने,

ङ) सम्वन्धित वडा भित्रका अभिभावक कर्मचारीर शिक्षक वीच विवाद भएमा त्यसको समाधान गर्ने,

च) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने,

छ) जोनिङ तथा नक्सांकनको आधारमा विद्यालय गाभ्ने, सार्ने नाम परिवर्तन गर्ने, तहकक्षा थपघट गर्न गाउँ शिक्षा समितिमा सिफारिस गर्ने ,

ज) वडाको शैक्षिक अभिबृद्धिका लागि आवस्यक कार्यहरु गर्ने ,

झ) वडा शिक्षा समितिले आफ्नो बैठक सञ्चालन तथा कार्यविधि आफैले निर्धारण गर्नेछ ।

ञ) प्रारम्भिक बालविकास केन्द्र सञ्चालन गर्न अनुमती प्रदान गर्ने ,

ट) गाउँ शिक्षा समितिले तोके बमोजिम अन्य कार्य गर्ने ,

**१०. विद्यालय व्यवस्थापन समितिको गठन, काम, कर्तव्य र अधिकारः**

१)सामुदायिक विद्यालयहरुको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ः–

क) खण्ड ख र घ वाट छानिएका व्यक्ति मध्येवाट एक जना -अध्यक्ष

ख) अभिभावकले आफूहरुमध्येबाट छानी पठाएका कम्तीमा एक जना महिला एक जना दलित सहित चारजना

-सदस्य

ग) सम्बन्धीत वडाको वडा अध्यक्ष वा वडा समितिले तोकेको निर्वाचित सदस्य एक जना- सदस्य

घ) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तरउल्लेख्य सहयोग गरेका व्यक्तिहरू मध्येबाट खण्ड ख र ग का व्यक्तिहरुले छानेका एक/एक जना गरी दुई जना -सदस्य

ङ)शिक्षकहरुले आफूमध्येबाट चयन गरी पठाएको शिक्षक प्रतिनिधी एकजना —सदस्य

च) विद्यालयको प्रधानाध्यापक –सदस्य–सचिव

(२) उपदफा १ को खण्ड ख र घ बमोजिम सदस्य तथा खण्ड क बमोजिमको अध्यक्ष छनौट गर्ने क्रममा विवाद उत्पन्न भई छनोट हुन नसकेमा से खण्डका सदस्य तथा अध्यक्षाको छनौट गाउँ शिक्षा समितिले गर्नेछ ।

स्पष्टीकरणः १) अभिभावक भन्नाले बिद्यालयमा अध्ययन गर्ने बालबिकास देखि कक्षा १२ सम्मका बिद्यार्थीका बाबु आमा ,सगोलको दाजु,दिदी भाउजुलाई जनाउँछ । तर ब्यवस्थापन समिति गठन प्रयोजनको लागि एकाघरको बाबु ,आमा , बाजे बज्यैलाइ मात्र जनाउँछ ।

२) उपदफा १ अनुसार बाबुआमा नभएमा सगोलको घरमुली सम्भब भएसम्म जेठाब्यक्ति वा लालन पालन र पठनपाठनको ब्याबस्था मिलाउने एकाघरको जोकोही १ जना ब्यक्तिलाई मात्र जनाउँछ । तर अनाथ ठुहुरा,मावल, वा अर्काको घरमा बसी कामकाज गरी अध्ययन गर्नेको हकमा भने बसोबास तथा लालन पालन र पठनपाठनको ब्याबस्था मिलाउने ब्यक्तिलाई जनाउँछ ।

३) उपदफा (१) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । वि. व्य.स. अध्यक्ष हुन २५ वर्ष उमेर पुरा भएको हुनुपर्नेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा गाउँ शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउन' अघि वा समिति विघटन गर्नु अघि आफ्नो सफाइ पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

४) विद्यालय व्यवस्थापन समितिको गठन प्रयोजनको लागि आयोजित अभिभावक भेलाको अध्यक्षता गाउँपालिकाको अध्यक्षले गर्नेछ ।

५) यस ऐनमा अन्यत्र जे सुकै कुरा लेखिएको भएता पनि यो ऐन लागु हुँदाका वखतसम्म गठित क्रियासिल विद्यालय व्यवस्थापन समितिको पदावधी रहेता पनि स्वतः पदावधी समाप्त भएको मानी ऐन लागु भएको एक महिना भित्र नयाँ समिति गठन गर्नु पर्नेछ ।

६) व्यवस्थापन समिति विघटन गर्न सक्ने : देहायका अवस्थामा शिक्षा समितिको सिफारिसमा गाँउ वा नगर कार्यपालिकाले समिति विघटन गर्न सक्नेछ -

(क) विद्यालयको सम्पत्ति हिनामिना गरेमा,

(ख) विद्यालयको शैक्षिक वातावरण खल्बल्याएमा,

(ग) प्रचलित कानुन तथा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको नीति एवम् हित विपरीत काम गरेमा,

(घ) विद्यालयको व्यवस्थापन सन्तोषजनक रूपमा गर्न नसकेमा, वा

(ङ) सम्बन्धित निकाय वा अधिकारीले दिएको कानून अनुसारको निर्देशन पटक-पटक उलंघन गरेमा ।

७)सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य रअधिकार देहायबमोजिम हुनेछ ः-

क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाउँपालिकालाई दिने,

ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक,धार्मिक वा साम्प्रादायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

च) विद्यालयमा शिक्षक, कर्मचारी र विद्यार्थीको पोशाक तोक्ने र सो को कार्यान्वयन गर्ने .

छ) प्रचलित कानुन बमोजिम शिक्षक सेवा आयोगवाट सिफारिस भएका शिक्षक पदको लागि योग्य उम्मेदवारलाई हाजिर गराई काममा लगाउने तथा गाउँपालिकावाट स्वीकृत दरवन्दीमा कर्मचारीको व्यवस्थापन गर्ने;

ज) गाउँपालिकाबाट खटिएका शिक्षक तथा कर्मचारीलाई हाजिर गराई काममा लगाउने;

झ) गाउँ शिक्षा समितिबाट तोकिएको सूचिकृत लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखा परीक्षण गराउने,

ञ) लेखापरीक्षकको प्रतिवेदनअनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन गाउँ शिक्षा समितिमा पेश गर्ने,

ट) तोकिए बमोजिमका क्षेत्रसँग सम्बन्धित गाउँपालिका र गाउँ शिक्षा समितिले दिएको निर्देशनहरूको पालना गर्ने,गराउने

ठ) विद्यालय सेवा क्षेत्रमा निरक्षरता उन्मुलन तथा आधारभूत शिक्षा सुनिश्चित गर्न पहल गर्ने

ड)तोकिए बमोजिम दरवन्दीका शिक्षकलाई कामको आधारमा प्रोत्साहन र विभागीय कारवाही गर्ने

ढ) विद्यालयको आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्त वा बढुवा गरेका शिक्षकको लागि सेवा, शर्त र सुविधा तोक्ने र तोकिएबमोजिमको पारिश्रमिक तथा सुविधाको व्यवस्था गर्ने;

ण) विद्यालय शिक्षा एकै समयमा सञ्चालन गर्ने प्रबन्ध मिलाउने

त) विद्यालयको शैक्षिक गुणस्तर अभिबृद्धि गर्न र सामाजिक परीक्षण गराउन शिक्षक अभिभावक संघ गठन गर्ने

थ) नेपाल सरकार वा गाउँपालिकाले गरेको व्यवस्था बमोजिम तोकिएको कर्मचारीलाइ तोकिएको तलव भत्ता प्रदान गर्ने

द) वि.व्य.स. पदाधिकारीबाट नियमित अनुगमन गर्नु समितिको दायित्व हुनेछ ।

ध) तोकिए बमोजिमका अन्य कार्य गर्ने .

**११) शिक्षक अभिभावक संघको गठन, काम, कर्तव्य र अधिकार**

(१) सामुदायिक विद्यालयमा शिक्षक अभिभावकबीच सहकार्य तथ सामाजिक परिक्षण गरी व्यवस्थापनमा सहयोग गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक शिक्षक अभिभावक संघ रहनेछः

क) विद्यालयका अभिभावक मध्येबाट छनोट गरेका व्यक्ति - अध्यक्ष

ख) अभिभावकले आफु मध्येबाट छानी पठाएका कम्तीमा एकजना महिला सहित तीन जना- सदस्य

ग) विद्यालय रहेको सम्बन्धित वडाका जनप्रतिनिधिहरुबाट वडा समितिले मनोनयन गरेको एकजना- सदस्य

घ) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजीवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर उल्लेख्य सहयोग गरेका व्यक्तिहरु मध्येबाट समितिले मनोनयन गरेका एक जना महिला सहित तीन जना- सदस्य

ङ) विद्यालयका शिक्षकहरुले आफु मध्येबाट छानी पठाएका तहगत शिक्षक प्रतिनिधि दुईजना- सदस्य

च) प्रधानाध्यापक- पदेन सदस्य

छ) कार्यरत शिक्षकहरु मध्येबाट एकजना- सदस्य सचिव

समितिको बैठकमा विद्यालयले छानेको उच्चतम कक्षाको छात्र वा छात्रा मध्येबाट एकजनालाई आमन्त्रित गर्नु पर्ने छ ।

(२) शिक्षक अभिभावक संघको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण निर्माण गर्न विद्यालयलाई सहयोग गर्ने ।

(ख) विद्यालयको सामाजिक परिक्षण गर्ने ।

(ग) शैक्षिक गुणस्तर अभिबृद्धिका लागि सहयोग गर्ने ।

(घ) विद्यालय भर्ना अभियान संचालन गर्न विद्यालयलाई सहयोग गर्ने ।

(ङ) तोकिए बमोजिमका अन्य काम गर्ने ।

परिच्छेद ३

**विद्यालय तहको शिक्षक तथा विद्यालय कर्मचारी र बाल विकास शिक्षकको दरवन्दी, सेवाशर्त, योग्यता एवम् सक्षमताको मापदण्ड**

१२.शिक्षक कर्मचारीको दरवन्दी निर्धारण गर्ने

(१) गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा आवश्यक पर्ने शिक्षक, कर्मचारी दरवन्दी निर्धारण तोकेबमोजिम हुनेछ ।

(२) गाउँपालिकाले शिक्षकको दरवन्दी निर्धारण गर्दा प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिएबमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नुपर्ने छ ।

(३) उपदफा (१) र (२)बमोजिम दरबन्दी सिर्जना भई नियुक्ति भएका शिक्षक र कर्मचारीको व्यक्तिगत फाइल खडा गरी गाउँपालिकाले राख्नु पर्नेछ । यसरी नियुक्त भएका शिक्षक, कर्मचारीको सेवा सुविधा गाउँपालिका मार्फत भुक्तानी गर्नुपर्ने छ ।

१३. शिक्षक तथा कर्मचारीको सेवा, सर्त, योग्यता र सक्षमता

क) शिक्षक तथा कर्मचारीको सेवा, सर्त, योग्यता र सक्षमता तोकिएबमोजिम हुनेछ ।

ख) गाउँपालिकाको शिक्षकको हकमा उमेर हद ४० वर्ष ननाघेको हुनुपर्ने छ ।

१४. स्थायी अध्यापन अनुमति पत्र लिनु पर्ने

अध्यापन अनुमतिपत्र नलिई कसैले पनि विद्यालयको स्थायी दरबन्दी तथा सशर्त अनुदान अन्तर्गतको दरबन्दीमा करार तथा राहत शिक्षक पदका लागि उम्मेदवार हुन पाउने छैन। तर पालिका शिक्षकको हकमा स्थायी अध्ययापन अनुमति पत्र अनिवार्य गरिएको छैन।

१५. शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था

(१) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले पदबाट हटाउन गाउँशिक्षा समितिमा सिफारिस गर्नेछ :

(क) तोकिएबमोजिमको पदीय दायित्व पूरा नगरेमा,

(ख) बिनासूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेको वा अन्य कुनै व्यावसायिक क्रियाकलाप गरेको प्रमाणित भएमा,

(च) शिक्षक र कर्मचारी कुनै पनि संघ संस्था वा राजनीतिक दलको कुनै पनि तहको कार्य समितिको सदस्य रहेको पाइएमा,

(छ) निजले अध्यापन गरेको विषयमा तीन वर्ष भित्रको औसत शैक्षिक उपलब्धि प्रतिशत राष्ट्रिय र प्रदेशको औसत स्तरभन्दा कम भएमा ।

(२) उपदफा (१) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने यथेष्ट प्रमाण प्राप्त भएमा गाउँशिक्षा समितिले निजलाई पदबाट हटाउन सक्नेछ तर कार्यरत पदवाट हटाउनु अघि मनासिब माफिकको स्पष्टीकरणको मौका दिईने छ ।

१६.अदालतको आदेशबाट पुनः बहाली हुन सक्ने

(१) दफा १९ मा उल्लेख भएका कुनै वा केही आरोपमा सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक/कर्मचारी अदालतको आदेश वा फैसलाबमोजिम सेवामा पुनः बहाली हुनसक्ने छ ।

(२) उपदफा (१) बमोजिम पुनः बहाली भएको शिक्षकले सेवाबाट हटेदेखि पुनःबहाली भएको मितिसम्मको पूरा तलब, भत्ता र तलब बृद्धि पाउने भए सोसमेत पाउनेछ ।

१७. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने

दफा २१ मा उल्लेखित अवस्थामा वा नियमानुसार विदा स्वीकृत गराइ बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षकले सो अवधिको तलब, भत्ता पाउने छैनन् र त्यस्तो अवधि निजको सेवामा समेत गणना हुने छैन ।

१८. स्थायी आवासीय अनुमति लिन नहुने

सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरुले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिन हुँदैन ।

## परिच्छेद ४

## शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, तालिम, बृत्तीविकास

(१९) विद्यायलमा रिक्त दरबन्दी ,राहत शिक्षक, पालिका शिक्षक/अनुदान शिक्षक र कर्मचारी पदमा अस्थायी तथा करार नियुक्तिको तोकिए बमोजिमको हुनेछ।

(क) शिक्षक सेवा आयोगले विगतमा सञ्चालन गरेको लिखित परीक्षामा बैकल्पिक/करार सूचीमा परेका उम्मेदवारहरुलाई सार्वजनिक सूचना दिई सूचनाका आधारमा दरखास्त दिएका उम्मेदवारहरूलाई आवश्यकता अनुसार सोझै वा अन्तरवार्ता तथा बैकल्पिक/करार योग्यताक्रमका आधारमा नियुक्ति गरिनेछ। बैकल्पिक/करार सूचीमा परेका उम्मेदवारहरुलाई सम्बन्धित तह वा सिफारिस भएको तह भन्दा तल्लो पदमा नियुक्ति दिन बाधा पर्ने छैन।

(ख) दफा (क) मा उल्लेख भए बमोजिम सूचना प्रकाशन नभएको खणडमा वा सूचनाको म्याद समाप्त भए पनि गाउँपालिका शिक्षक आवश्यता भएको अवस्थामा बैकल्पिक/करार सूचीमा परेका उम्मेदवारले गाउँपालिकामा नियुक्तिका लागि निवेदन दिएमा निजलाई नियुक्ति गरिनेछ।

(ग) बैकल्पिक/करार सूचीमा परेका उम्मेदवारका लागि उमेर हद लागु हुने छैन।

(घ) उपदफा (क) र (ख) बाट पदपुर्ति हुन नसकेमा खुला विज्ञापनबाट पदपुर्ति गरिनेछ।

(ङ) सेवा निवृत शिक्षकलाई शिक्षा समितिको निर्णय अनुसार पालिका शिक्षकको पदमा नियुक्ति गर्न सकिनेछ।

२०) प्रधानाध्यापक सम्वन्धी व्यवस्थाः

(१) सामुदायिक विद्यालयमा एक जना प्रधानाध्यापक रहनेछ ।

(२) प्रधानाध्यापकको नियुक्ति, सेवा, सर्त र सुविधा सम्वन्धी व्यवस्था देहायबमोजिम हुनेछ :

(क) माध्यमिक तहमा स्थायी माध्यमिक शिक्षक र आधारभुत तहमा स्थायी आधारभुत शिक्षक हुनुपर्ने छ ।

(ख) सम्बन्धित तहको स्थायी शिक्षक नभएमा सो भन्दा तल्लो तहको स्थायी शिक्षकलाई मात्र प्रधानाध्यापकमा नियुक्ति गरिनेछ।

(ग) प्रधानाध्यापकले नियुक्ति हुनुपूर्व पाँच बर्षे विद्यालय सुधारको कार्य योजना विद्यालय व्यवस्थापन समिति समक्ष पेस गर्नुपर्ने छ ।

(घ) विद्यालयको बृहत्तर हित गर्नु प्रधानाध्यापकको कर्तव्य हुनेछ ।

(च) निजले पेस गरेको कार्ययोजना बमोजिम कार्य गरेको नपाइएमा गाउँशिक्षा समितिले हटाउन सक्नेछ तर एकपटक स्पष्टीकरणको मौका दिइनेछ ।

२१. शिक्षकको सरुवा

(१) सरुवा हुन आवेदन दिनेः दरवन्दीमा कार्यरत शिक्षकलाई गाउँपालिका भित्रका कार्यरत विद्यालयको व्यवस्थापन समिति र सरुवा हुने विद्यालयको व्यवस्थापन समितिको सिफारिसमा गाउँशिक्षा समितिले तोकिएबमोजिमको प्रक्रिया अपनाई रिक्त दरबन्दीमा सरुवा गर्नसक्ने छ ।

(२) सरुवा हुन आवेदन दिने दरवन्दीमा कार्यरत शिक्षकलाई गाउँपालिका भित्र निज कार्यरत विद्यालय व्यवस्थापन समितिको सहमतिमा गाउँपालिकाले अन्य गाँउशिक्षा समिति वा गाउँशिक्षा समितिमा सरुवाको लागि सहमति दिनसक्ने छ ।

(३) गाउँपालिका शिक्षा समितिले दरवन्दी मिलानको क्रममा समान तहको स्थायी, अस्थायी तथा राहत शिक्षकबीच सरुवा गर्नसक्ने छ तर सामान्यतया शिक्षकको सरुवा पदस्थापन भएको तीन बर्षसम्म गरिने छैन ।

(४) शिक्षकको सरुवा शैक्षिक सत्रको सुरु वा अन्त्यमा मात्र गरिनेछ ।तर शैक्षिक व्यवस्थापनको लागी जुनसुकै वेला शिक्षाकलाई सरुवा गर्न सकिन्छ ।

(५) शिक्षक सरुवा गर्दा रिक्त दरवन्दीमा विद्यालय व्यवस्थापन समितिले गाउँ भित्रका शिक्षकहरुलाई पहिलो प्राथमिकता दिने, दोस्रोमा यस जिल्ला भित्रका अन्य स्थानीय तहका शिक्षकहरुलाई र सो नभएमा अन्य जिल्लावाट सरुवा भई आउनका लागि सहमति दिनुपर्ने छ ।

२२.दरवन्दी मिलान

(१) तोकिएको मापदण्डको आधारमा बढी दरवन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा दरवन्दी मिलान गरिने छ ।

(२) एकै विद्यालयमा तीन बर्ष सेवा अवधि पुगेका शिक्षक कर्मचारीहरुलाई सम्बन्धीत तहको विद्यालयमा गाउँशिक्षा समितिले सम्वन्धित विद्यालयको सहमति बेगर पनि गाउँ क्षेत्र भित्रको अन्य विद्यालयमा सरुवा गर्न सक्नेछ ।

२३. शिक्षकको स्थायी नियुक्ति र बढुवासम्बन्धी व्यवस्था

हालका स्वीकृत दरवन्दीमा शिक्षकहरुको स्थायी नियुक्ति तथा बढुवासम्बन्धी व्यवस्था नेपाल सरकारको संघीय र प्रादेशिक कानुनबमोजिम बन्ने शिक्षक सेवा आयोगबाट तोकेबमोजिम हुनेछ । स्थानीय तहबाट नियुक्ती पाएका शिक्षकहरुको सेवा सर्त तथा बढुवा सम्बन्धी व्यवस्था स्थानीय तहले तोकेबमोजिम हुनेछ ।

२४.तालिम तथा क्षमता विकास सम्बन्धी व्यवस्था :

(१) शिक्षकलाई संघीय, प्रादेशिक तथा स्थानीय तहबाट निर्धारित तालिम नीति अनुसार तालिम तथा क्षमता विकासको अवसर हुनेछ ।

२५.शिक्षकलाई अन्य काममा लगाउन नहुने

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासनसम्बन्धी काममा वाहेक अन्य काममा लगाउन पाईने छैन ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचनसम्बन्धी काम, दैवी प्रकोप उद्धार वा संघीय सरकार, प्रादेशिक सरकार र स्थानीय सरकारले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

२६. करार तथा सेवा नवीकरणः

(१) स्थायी शिक्षकका साथै सम्पूर्ण शिक्षक, बालविकास सहजकर्ता तथा विद्यालय कर्मचारीहरुले कार्यसम्पादन मुल्याङ्कन फाराम भरी प्रधानाध्यापक समक्ष पेश गर्नु पर्नेछ। स्थायी शिक्षक बाहेक सम्पुर्ण शिक्षक, बालविकास सहजकर्ता तथा विद्यालय कर्मचारीहरुको करार/सेवा नविकरण कार्यसम्पादन मुल्याङ्कनका आधारमा प्रधानाध्यापकको सिफारिस तथा गाउँ शिक्षा समितिको निर्णयानुसार मात्र विद्यालयले करार/सेवा नविकरण हुनेछ।

## परिच्छेदः ५

## सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार, संचालन र व्यवस्थापन

### २६. विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारणः

(१) विद्यालयमा विद्यार्थी संख्याअनुसार कक्षाकोठा, खेल मैदान, कम्पाउन्ड, घेराबार, बालमैत्री बसाइ व्यवस्था, वातावरणमैत्री हाता, करेसावारी, फूलबारी, स्वच्छ पिउने पानी, छात्र छात्राका लागि अलगअलग शौचालय, सिकाइमैत्री वातावरण हुनु पर्नेछ ।

(२) विद्यालयमा प्राथमिक उपचार, नियमित स्वास्थ्य परीक्षण, मनोपरामर्श, छात्रामैत्री सेनिटरी प्याड जस्ता न्यूनतम सुविधा उपलब्ध हुनुपर्ने छ ।

(३) विद्यालयको स्तर अनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिएबमोजिम हुनेछ ।

### २७. विद्यालयको सम्पत्ति

(१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐनबमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानुनबमोजिम बेच–बिखन गरी प्राप्त भएको रकम सम्बन्धित गाउँशिक्षा कोषमा जम्मा गर्नेछ ।

(२) शैक्षिक गुठीअन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३) कम्पनीअन्तरगत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दानदातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिकाको अनुमति लिनुपर्ने छ तर विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि संघीय सरकार, प्रादेशिक सरकार र स्थानीय सरकारबाट पूर्व स्वीकृति लिनुपर्ने छ ।

(५) विद्यालयले चल अचल सम्पत्ति वेचविखन गर्दा स्थानीय सरकारको अनुमतिवेगर वेच्न पाइने छैन ।

**२८. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन**

(१) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सोही विद्यालयकै नाममा रहने छ । सो विद्यालय बन्द, खारेज वा अन्यत्र गाभिई विद्यालयको काममा प्रयोग नहुने भएमा गाउँपालिकाले कानुनबमोजिम भोग चलन गर्नसक्ने छ ।

(२) विद्यालयको सम्पत्तिको अभिलेख दुरुस्त राख्ने, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सोही विद्यालयको व्यवस्थापन समितिको हुने छ ।

(३) सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य स्थानीय सरकारको हुनेछ ।

२९. पाठ्यक्रम र पाठ्यपुस्तक

(१) विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्डअनुरुप सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनुपर्ने छ । विद्यालयले नेपाल सरकारले तोकेको मापदण्ड भित्र रही स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्न सक्नेछ ।

(२) आफ्नो विद्यालयका विद्यार्थीलाई आवश्यक पर्ने पाठ्यपुस्तकहरुको संख्या सम्बन्धित विद्यालयले तोकिएको समय सीमा भित्र माग गर्नुपर्ने छ ।

(३) शैक्षिक सत्र शुरु हुनु अगावै गाउँशिक्षा समितिले सम्बन्धित निकायहरुमा समन्वय गरी पाठ्यपुस्तक वितरण गर्नेछ ।

(४) आधारभूत तहसम्मको शिक्षाका लागि स्थानीय आवश्यकतामा आधारित बढीमा १०० पूर्णाङ्क वा ४ क्रेडिट आवर बराबरको स्थानीय थप विषयको स्थानीय पाठ्यक्रम प्रयोगमा ल्याउन सक्नेछ ।

(५) विद्यालयमा बहु पाठ्यपुस्तक लागु हुनेछ ।

(६) शैक्षिक स्तरको न्यूनतम मापदण्ड तोकी शिक्षक विद्यार्थी सहकार्यमा आधारित पाठ्यसामग्री, थप स्वाध्यायन सामग्री, पुस्तकालय, मनोविमर्श, अभिभावक शिक्षाको प्रबन्ध हुनु पर्नेछ ।

**३०. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन**

(१) विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन गर्नसक्ने छ।

(२) विद्यालयले स्काउट, रेडक्रस, बालक्लव, ईकोक्लब तथा वातावरण मैत्री क्लवहरु गठन, परियोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकुद् प्रतियोगिता, साहित्यिक तथा बहुप्रतिभामुखी क्रियाकलापहरु सञ्चालन गर्नसक्ने छ ।

(३) सह तथा शैक्षिक क्रियाकलापसम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेदः ६

### परीक्षा सञ्चालन तथा गुणस्तर मापन

### ३१. आधारभूत तह शिक्षा उत्तीर्ण परीक्षा सञ्चालन तथा व्यवस्थापन

(१) आधारभूत तहका कक्षा ८ को अन्तिम तथा बाह्य परीक्षालाई गाउँपालिकाको क्षेत्र भित्र मर्यादित र व्यवस्थित तरीकाले एकरुपताका साथ सञ्चालन गर्न तपसिलको आधारभूत तह शिक्षा उत्तीर्ण परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति रहने छ :

(क) गाउँपालिको प्रमुख प्रशासकीय अधिकृत -अध्यक्ष

(ख) गाउँपालिकाको सामान्य प्रशासन सेवाको वरिष्ठतम अधिकृत कर्मचारी - सदस्य

(ग) सामुदायिक विद्यालयका आधारभूत तह (६–८) मध्येबाट एकजना प्रधानाध्यापक तथा शिक्षक मध्येबाट महिलासहित समितिवाट मनोनित दुई जना - सदस्य

(घ) संस्थागत विद्यालयका प्रधानाध्यापक वा संस्थापकमध्येबाट समितिवाट मनोनित १ जना - सदस्य

(ङ) गाउँशिक्षा शाखा प्रमुख-- सदस्य–सचिव

(२) परीक्षा समितिले सम्बन्धित विषयका विशेषज्ञ र स्रोतव्यक्तिहरुलाई परीक्षा समितिको वैठकमा आमन्त्रण गर्नसक्ने छ ।

(३) मनोनित सदस्यहरुले पदीय आचरण पूरा नगरेमा जुनसुकै समयमा हटाउन सकिनेछ तर हटाउनु अघि निजलाई सफाइको मौकाबाट बञ्चित गरिने छैन ।

(४) समितिको बैठक भत्ता अधिकृत स्तरका लागि रु.१६०० र अन्यको लागि रु.१००० मात्र हुनेछ ।

(५) मनोनित सदस्यहरुको कार्यकाल तीन वर्षको हुनेछ ।

## परिच्छेदः ७

## संस्थागत विद्यालयको अनुमति, मापदण्ड निर्धारण, अनुगमन, मूल्याङ्कन र नियमनसम्बन्धी व्यवस्था

**३२. संस्थागत विद्यालय सञ्चालन गर्न अनुमति लिनुपर्ने छ ।**

**३३. संस्थागत विद्यालयको व्यवस्थापन समिति**

(१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

(क) विद्यालयको संस्थापकमध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमा गाउँशिक्षा समितिबाट मनोनित- अध्यक्ष

(ख) अभिभावकमध्येबाट कम्तीमा एकजना महिला पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुई जना- सदस्य

(ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवीमध्येबाट गाउँशिक्षा समितिले मनोनित गरेको एकजना – सदस्य

(घ) सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक – सदस्य

(ङ) सम्बन्धित विद्यालयका शिक्षकहरूले आफूमध्येबाट छानी पठाएको एकजना – सदस्य;

(च) विद्यालयका प्रधानाध्यापक – सदस्य–सचिव

(२) उपदफा (१) को (क) (ख) र (ग) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पदअनुसारको आचरण नगरेको देखिएमा गाउँशिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नुअघि आफ्नो सफाइ पेस गर्ने मौकाबाट बञ्चित गरिने छैन

**३४. संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

(क) विद्यालय सञ्चालनका लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयका लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रूपमा लागू गर्ने,

(च) अध्यापन अनुमतिपत्र लिई प्रचलित कानुनबमोजिम शिक्षक पदका लागि उम्मेदवार हुन योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

(छ) शिक्षक तथा कर्मचारीको नियुक्ति छनौट समितिमार्फत गरी न्यूनतम तलब, सेवा र सुविधा तोक्ने,

(ज) अनुशासनहीन शिक्षकउपर कारवाही गर्ने,

(झ) शिक्षा ऐन तथा नियमावली तथा अन्य कानूनमा उल्लिखित व्यवस्थाका अतिरिक्त गाउँपालिकाबाट जारी शिक्षा क्षेत्रसँग सम्बन्धित सबै नीति, नियम तथा निर्देशनहरूको पालना गर्ने;

(ञ)विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिएबमोजिम गर्ने,

(ट) लेखा परीक्षण गराई अनिवार्य रुपमा बार्षिक प्रतिवेदन वडा शिक्षा समिति र गाउँशिक्षा समितिमा पेस गर्ने,

(ठ) शिक्षक कर्मचारी तथा विद्यार्थीको आचारसंहिता बनाई लागु गर्ने ।

(ड)भर्ना शुल्क र अन्य शुल्क कम्तिमा ६५ प्रतिसत अभिभावकहरुको भेलाबाट निर्णय गराई स्वीकृति गर्नुपर्नेछ ।

**३५.संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने**

(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी संख्याको कम्तीमा दस प्रतिशतमा नघट्ने गरी तोकिएबमोजिम जेहेन्दार, अति विपन्न, अपाङ्गता भएका, छात्रा, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयका प्रधानाध्यापक, र विद्यालय व्यवस्थापन समितिमा रहेका अभिभावकको प्रतिनिधि रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ ।

(३) समितिले छनौटका लागि आधार, सर्त र प्रक्रिया तयार गरी सोही विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई सार्वजनिक समेत गर्नुपर्ने छ ।

(४) समितिले छात्रवृत्तिका लागि छनौटको नतिजा आधारसहित सार्वजनिक गर्नुपर्ने छ ।

(५) संस्थागत विद्यालयले प्रत्येक वर्ष प्रदान गरेको छात्रवृत्तिको कोटा गाउँशिक्षा शाखामा पेस गर्नुपर्ने छ ।

**३६.अनुगमन तथा मूल्याङ्कन**

संस्थागत विद्यालयको गुणस्तर कायम राख्न गाउँशिक्षा समितिले जुनसुकै समयमा अनुगमन गर्न र निर्देशन दिन सक्नेछ । यसरी प्राप्त निर्देशन कार्यान्वयन गर्नु संस्थागत विद्यालयको अनिवार्य दायित्व हुनेछ ।

**३७. अनुमति वा स्वीकृति रद्द गर्ने**

कुनै संस्थागत विद्यालयले यस ऐनअन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा गाउँपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्न सक्ने छ तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाइ पेस गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

## परिच्छेद–८

## विद्यालयलाई दिइने अनुदान, लेखा व्यवस्थापन, अनुगमन र नियमन

### ३८. विद्यालय विकास कोष

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय विकास कोष हुनेछ, जसमा देहायबमोजिमका स्रोतबाट प्राप्त रकम सोही कोषमा दाखिला हुनेछ :

(क) नेपाल सरकार, प्रादेशिक सरकार र स्थानीय सरकारबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र सामाजिक लेखा परीक्षण तोकिएबमोजिम हुनेछ ।

### ३९. अनुदानको व्यवस्था

(१) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सूत्रको आधारमा गाउँपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिँदै आएको अनुदान रकम कटौती गर्न सकिनेछ ।

(२) सामुदायिक विद्यालयहरुलाई तोकिएबमोजिम अनुदान उपलब्ध गराउन सकिनेछ ।

(३) प्राप्त अनुदानवाट स्वयमसेवक शिक्षक गाउँपालिकाको सिफारिसमा राख्न सकिन्ने छ ।

### ४०. लेखा व्यवस्थापन

(१) सबै विद्यालयहरुले प्रचलित कानूनअनुसारको ढाँचामा आय व्ययको लेखा व्यवस्थापन गर्नुपर्ने छ ।

(२) विद्यालयको नियमित कारोबारको लेखा राख्न माध्यमिक विद्यालयका लागि प्रधानाध्यापक र कर्मचारी तथा आधारभूतका लागि प्रधानाध्यापक र लेखा शिक्षकका साथै प्राथमिक विद्यालयका प्रधानाध्यापक र वि.व्य.स.को निर्णय अनुसरा कुनै शिक्षाकवाट खाता सञ्चालन गरी लेखा व्यवस्थापन गर्नुपर्ने छ ।

४१. लेखा परीक्षण तथा सामाजिक परीक्षण

(१) सबै विद्यालयहरुले नियमित रुपमा आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र गाउँपालिकामा सुचीकृत भई गाउँपालिकाबाट नियुक्त रजिष्टर्ड लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ ।

(२) लेखा परीक्षण प्रतिवेदन लेखा परीक्षण समाप्त भएको १५ दिन भित्र गाउँशिक्षा समिति मार्फत गाउँपालिकामा पेस गर्नुपर्ने छ ।

(३) प्रत्येक वर्ष विद्यालयले सामाजिक परीक्षण गरी विद्यालयको आय व्यय, शैक्षिक उपलब्धी, विद्यालयको आन्तरिक गतिविधि, पारदर्शिता तथा जवाफदेहिताको अवस्था र आगामी कार्ययोजना सामाजिक परीक्षणमार्फत सार्वजनिक तथा अनुमोदन गर्नुपर्ने छ ।

४) विद्यालयले हरेक त्रैमासिक परीक्षाको नतिजा सहित विद्यार्थीको शैक्षिक प्रगति प्रतिवेदन अभिभावकसमक्ष पेस गरी पृष्ठपोषण लिनुपर्ने छ ।

४२. छात्रवृत्तिको व्यवस्था गर्न सक्ने

गाउँपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिएबमोजिम छात्रवृत्तिको व्यवस्था गर्नसक्ने छ ।

४३. शुल्क तथा सहयोगबाट प्राप्त रकम

(१) निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै अभिभावकले विद्यालयको विकासका लागि आफ्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सक्नेछ ।

३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नका लागि गाउँपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(४) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(५) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही तहको अर्को कक्षामा कुनै किसिमको शुल्क लिन पाइने छैन ।

(६) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नका लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन।

(७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नुपर्ने छ।त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिदा तोकिएको अधिकारीले विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिनेछ ।

(८) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनुपर्ने छ ।

(९) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले जरिवाना गर्नसक्ने छ ।

४४. विद्यालयलाई छुट र सुविधा

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक विद्यालय र शैक्षिक गुठीका रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेसन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा स्थानीय सरकारले तोकिएको आधारमा रजिष्ट्रेसन दस्तुर छुट दिनसक्ने छ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीका रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिएबमोजिम हुनेछ ।

परिच्छेदः ९

प्राविधिक तथा व्यवसायिक शिक्षा

४५. गाउँपालिका क्षेत्रमा सञ्चालित सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षाका निर्धारित विषय अध्यापन गराउन सकिनेछ । यस्ता विद्यालयको सञ्चालनका लागि गाउँपालिकाले सम्भाव्यता अध्ययन, विद्यालयलाई थप सुविधा प्रदान र आवश्यक स्रोत पहिचान र परिचालन गर्न सक्नेछ । गाउँपालिकाले प्राविधिक विषयको कक्षा सञ्चालनका लागि अनुमति दिंदा वडामा तोकिएको मापदण्ड वमोजिम नदोरिने गरी विषय सिफारिस गर्नेछ । सामुदायिक विद्यालयमा प्राविधिक कक्षाका लागि चाहिने शिक्षक कर्मचारी व्यवस्थापन गर्ने प्रयास गरिनेछ ।

(१) यस सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

परिच्छेद १०

विविध

४६.विद्यालयको विनियम

(१) यो ऐन र प्रचलित कानूनको अधीनमा रही प्रत्येक सामुदायिक तथा संस्थागत विद्यालयले विद्यालयको लक्ष्य, मूल्य मान्यता, सञ्चालन प्रक्रियालगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेश गरिएको विनियम अभिभावक सभाबाट पारित गराई लागू गर्नुपर्ने छ ।

(२) अभिभावक सभाले विनियम आवश्यकताअनुसार संसोधन गर्नसक्ने छ ।

(३) विनियमअनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापकलगायत अन्य सबैको कर्तव्य हुनेछ ।

(४) अद्यावधिक विधानको प्रतिलिपि पारित भएको मितिबाट सात दिन भित्र व्यवस्थापन समितिले गाउँपालिकामा पेस गर्नुपर्ने छ ।

(५) विद्यालयको विधान सार्वजनिक दस्तावेज हुनेछ र सो जो कोहीले पनि हेर्न पाउनुपर्ने छ ।

**४७. गाउँपालिकाले निर्देशन दिन सक्ने**

(१) गाउँपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिनसक्ने छ

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

**४८ . विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नु पर्ने**

(१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सिर्जना गर्न तथा विद्यालयभित्र कुनैपनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नुपर्ने सर्त तथा मापदण्ड तोकिएबमोजिम हुनेछ ।

**४९. बालबालिकालाई निष्काशन गर्न, शारीरिक वा मानसिक दुव्र्यवहार गर्न नहुने**

(१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाइने छैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक, मानसिक यातना दिन वा दुव्र्यवहार गर्न पाइने छैन ।

**५०.शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालन**

(१) कसैले पनि यस ऐनबमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्वतयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम वा वैदेशिक शैक्षिक मेला, प्रदर्शनी सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिनेसम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**५१ .गाउँपालिकाले शैक्षिक गुणस्तर मापन र एकरुपताका लागि कक्षा ५ को वार्षिक परीक्षा लगायत अन्य कक्षाको परीक्षा लिई स्तरमापन गर्नसक्ने छ ।**

५२.प्रगति विवरण बुझाउनु पर्ने

संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिएबमोजिमका विवरणसहितको प्रगति विवरण वडा शिक्षा समिति र गाउँ शिक्षा समितिमा बुझाउनु पर्नेछ ।

५३ . शिक्षा विकास कोष

(१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र बसोवास गर्ने अति विपन्न, प्राकृतिक प्रकोप पीडित, अशक्त र असहाय बालबालिकाको शैक्षिक अवसर बृद्धि गर्न तथा उत्कृष्ट विद्यार्थी, शिक्षक, कर्मचारी वा शिक्षा प्रेमीलाई पुरस्कृत गर्न गाउँशिक्षा विकास कोष स्थापना गरिनेछ ।

(२) कोषमा देहायबमोजिमको रकम रहन सक्नेछ :

(क) संघीय सरकार, प्रादेशिक सरकार र स्थानीय सरकारबाट प्राप्त अनुदान,

(ख) सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) कोषको सञ्चालन गाउँपालिका प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, गाउँशिक्षा समितिले स्थानीय शिक्षाविद् तथा शिक्षा अधिकृत रहेको समितिबाट हुनेछ ।

५४.दण्ड सजाय

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी वा न्यायिक समितिले बिगो असुल गरी बिगोबमोजिम जरिवाना गर्नसक्ने छ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी कानुनले तोकेबमोजिम सजाय हुनेछ ।

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैरजिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रसँग सम्बन्धित पदाधिकारीको स्वीकृतिबेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरूको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(ज) अनुमति नलिई मन्टेश्वरी कक्षा, कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्शसेवा, ब्रिज कोर्स, टयुसन, कोचिङ्ग सेन्टर, कम्प्युटर, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा,

(झ) कानून विपरीतको अन्य कार्य गरेमा ।

(३) कानूनबमोजिमको कसुरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारीउपर मुद्दा हेर्ने अधिकारी वा जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्वन हुनेछ र सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐनबमोजिम विभागीय सजाय गरिनेछ ।

**५५. पुनरावेदन** : तोकिएको अधिकारीले गरेको सजायको आदेशउपर कानुनबमोजिम पुनरावेदन लाग्नेछ ।

**५६.नियम बनाउने अधिकार**

(१) यस ऐनको उद्देश्य कार्यान्वियन गर्न गाउँपालिकाले आवश्यक शिक्षा नियमावली, निर्देशिका बनाउन सक्नेछ ।

**५७.संक्रमणकालीन व्यवस्था**

(१) यस ऐनले तोकिएबमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म गाउँकार्यपालिकाले गर्नसक्ने छ ।

(२) यो ऐन जारी भएपछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा विज्ञापनको अनुमति गाउँकार्यपालिकाले दिनसक्ने छ ।

**५८. बाधा अडकाउ फुकाउने अधिकार**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा गाउँपालिकाले त्यस्तो बाधा—अड्काउ हटाउन आदेश जारी गर्नसक्ने छ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ तर यस्तो आदेश गाउँ सभाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वतः निस्क्रिय हुनेछ ।

## ५९ . विनियम कार्यविधि र निर्देशिका बनाई लागु गर्न सकिने

शैक्षिक सुधारका निम्ति देहायबमोजिमका विषयमा विनियम कार्यविधि निर्देशिका बनाई लागु गर्न सकिनेछ :

(१) असल शिक्षक प्रोत्साहन,

(२) अनाथ एवम् सडक बालबालिका शैक्षिक सहयोग,

(३) विपन्न समुदायका बालबालिकाका लागि शैक्षिक सहयोग एवम् दिवा खाजा,

(४) एकमुष्ठ अनुदानमा आधारित विद्यालय सञ्चालन,

(५) नमुना विद्यालय छनोट र विकास,

(६) गरिवीको रेखामनि रहेका परिवारका बालबालिकाका लागि शैक्षिक प्रोत्साहन,

(७) शिक्षक दरवन्दी व्यवस्थापन एवम् मिलान,

(८) विद्यार्थीका लागि सह तथा अतिरिक्त क्रियाकलाप सञ्चालन,

(९) शैक्षिक क्यालेन्डर तथा शैक्षिक पुस्तिका प्रकाशन,

(१०) भौचर प्रणालीमा आधारित शिक्षा,

(११) गाउँशिक्षा परिषद् गठन,

(१२) गुणस्तरीय शिक्षाका लागि अनुदान,

(१३) अनिवार्य शिक्षा कार्यान्वयन,

(१४) एक माध्यमिक विद्यालय एक संकायलाई प्रोत्साहन

(१५) विद्यार्थी संख्या अभिवृद्धि कार्यक्रम,

(१६) अन्तरविद्यालय सहयोग कार्यक्रम,

(१७) विशेष शिक्षा नमुना कार्यक्रम

## ६०. बचाउ र लागू नहुने

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोहीबमोजिम र नलेखिएको कुरामा प्रचलित कानुनबमोजिम हुनेछ ।

(२) गाउँपालिका शिक्षा ऐन, २०७९ खारेज गरिएको छ। र उक्त ऐन बमोजिम भएको काम यसै ऐन बमोजिम भएको मानिनेछ।